**सम्वत् २०८० साल असार २० गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय–**

| सि.नं. | निर्णय |
|---|---|
| १. | प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १५ को उपदफा (१) बमोजिम डा. चन्द्र प्रसाद लुइटेल (क.सं.नं.१७२३३४) र पूर्ण बहादुर दर्जी (क.सं.नं.१३६७४०)लाई मिति २०८०/०३/१३ गते देखि जेष्ठता कायम हुने गरी प्रदेश प्रशासन सेवा, अधिकृत एघारौं तहमा बढुवा नियुक्ति गर्ने र क्रमशः बागमती प्रदेश सभा सचिवालयको सचिव पद र शिक्षा विकास निर्देशनालयको निर्देशक पदमा पदस्थापन गर्ने। |
| २. | "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को अनुसूची हेरफेर" स्वीकृत गरी प्रदेश राजपत्रमा प्रकाशन गर्ने। |
| ३. | आर्थिक वर्ष २०८०/८१ को वार्षिक बजेट तथा कार्यक्रममा समावेश हुन छुट भएका योजना तथा कार्यक्रमका लागि बजेट व्यवस्थापन गरी वार्षिक कार्यक्रममा समावेश गर्ने र PLMBIS मा सम्बन्धित मन्त्रालयको खर्च शीर्षकमा प्रविष्ट गर्न आर्थिक मामिला तथा योजना मन्त्रालयलाई निर्देशन दिने । |
| ४. | चन्द्रागिरी नगरपालिका, वडा नं. ५ मा नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरबारको नाममा रहेको कि.नं. १५५ को १६७३२।६९ बर्ग मिटर र साविक श्री ५ सरकारको नाममा रहेको कि.नं. १५६ को ११९।२२ बर्ग मिटर रहेको सरकारी जग्गा यातायात व्यवस्था कार्यालय, मोटरसाईकल, गुर्जुधाराले उपयोग गर्न स्वीकृती प्रदान गर्न सिफारिस गर्ने । |
| ५. | मानवनिर्मित पर्यटकीय ताल निर्माण आयोजनाको लागि दोलखा जिल्लाको जिरी नगरपालिकामा जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३क बमोजिम करिब ५४१.२३ रोपनी व्यक्तिगत जग्गा प्राप्ति गर्न र सोहि ऐनको दफा ५ बमोजिम जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, दोलखाका प्रमुखलाई जग्गा प्राप्ति सम्बन्धी प्रारम्भिक कारबाही चलाउने अधिकारी तोकिदिने व्यवस्थाको लागि नेपाल सरकार समक्ष अनुरोध गर्ने। |
| ६. | पर्यटन, उद्योग तथा सहकारी मन्त्रालय अन्तर्गतको पर्यटन विकास आयोजना, हेटौंडा र पर्यटन विकास आयोजना, इकाई कार्यालय, काठमाडौंको २०८० श्रावण देखि २०८१ आषाढ मसान्त सम्म १ (एक) वर्ष म्याद थप गर्ने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

**सम्वत् २०८० साल असार १ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय–**

| सि.नं. | निर्णय |
|---|---|
| १. | महालक्ष्मी नगरपालिकाको केन्द्र महालक्ष्मी नगरपालिका, वडा नं. ८, लुभु देवीस्थानमा स्थानान्तरण गर्ने भनी महालक्ष्मी नगरपालिकाको नगर सभाले पारित गरेको प्रस्ताव नेपाल सरकारमा पठाउने। |
| २. | आर्थिक वर्ष २०८०/०८१ को राजस्व र व्ययको अनुमान तथा सो साथ संलग्न विवरणहरू स्वीकृत गर्ने। |
| ३. | प्रदेश आर्थिक विधेयक, २०८०" प्रदेश सभामा प्रस्तुत गर्न स्वीकृति प्रदान गर्ने। |
| ४. | आर्थिक वर्ष २०८०/८१ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको प्रदेश विनियोजन विधेयकको मस्यौदालाई स्वीकृत गर्ने। |
| ५. | आन्तरिक मामिला तथा कानून मन्त्रालयको आर्थिक वर्ष २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत सञ्चालित सशस्त्र प्रहरी बल नेपाल ३ नं. गढीमाई बाहिनी भवन निर्माणको सार्वजनिक खरिद नियमावली, २०६४ (बाह्रौं संशोधन) बमोजिम म्याद थप भएकोमा सो योजनाको सम्पन्न पश्चात् भुक्तानी दिनुपर्ने रकम आन्तरिक मामिला तथा कानून मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रमबाट रकमान्तर गरी भुक्तानी गर्ने गरि अख्तियारी दिने । |
| ६. | धुर्मुस सुन्तली फाउण्डेशनले सिन्धुपाल्चोक जिल्ला मेलम्ची नगरपालिका वडा नं. १२ मा निर्माण गरेको ६६ आवासीय घरहरु र एक सामुदायिक गुम्वा साविककै जग्गाधनीहरुको नाममा लिखत पारित गर्दा लाग्ने घर जग्गा रजिष्ट्रेशन शुल्क र घर कायम शुल्क प्रदेश आर्थिक ऐन, २०७९ को दफा १२ बमोजिम पूर्ण छुट दिने । |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।